# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० असार २ गते

## बन्दको संस्कार अन्त्य गरी राजनीतिक संवाद कायम गर

देशमा दोस्रो संविधानसभाको चुनावको मिति घोषणा भएको पृष्ठभूमिमा नेकपा-माओवादीलगायतका राजनीतिक दलहरूले विविध राजनीतिक माग राख्दै आयोजना गरेको नेपाल बन्द र यसले जनजीवनमा पारेको प्रभावबारे राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

समय-समयमा विभिन्न राजनीतिक दल तथा अन्दोलनरत पक्षहरूले आफ्ना माग पूरा गराउन अयोजना गर्ने बन्दले सर्वसाधारण नागरिकको जीविका, शिक्षा, स्वास्थ्य, आवगमनजस्ता मौलिक अधिकार र समग्रमा देशको विकास एवम् अर्थतन्त्रमा नै नकारात्मक असर पार्ने भएकोले बन्दजस्तो कठोर कार्यक्रम अघि नसार्न आयोगले विगतमा बन्दकर्ताहरूलाई पटक-पटक आग्रह गर्दै आएको हो । यसपटक पनि आयोग उही कुरा दोहोऱ्याउन चाहन्छ ।

यसैगरी, आन्दोलनरत दलहरूले अघि सारेका माग वार्ता र सम्वादको माध्यमबाट सम्बोधन गरी सहमति, सहकार्य र समन्वयको आधारमा उपयुक्त राजनीतिक वातावरण कायम गर्न सरकार, प्रमुख दल र अन्य सरोकारवाला निकायहरूसँग आयोग आग्रह गर्दछ ।

(सुवर्ण कर्माचार्य)
निमित्त सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org